annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २११ पृष्ठ १० | काठमाडौं, शुक्रबार २१ मंसिर २०८१ | मार्ग शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | FRIDAY, DECEMBER 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## संक्रमणकालीन न्याय
# को होलान् 'नेपाली टुटु' ?

संक्रमणकालीन न्याय सम्पादनमा चर्चित नाम हो- डेसमन्ड टुटु। दक्षिण अफ्रिकाको रंगभेदी द्वन्द्वका बेला उनै टुटु थिए, सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष। जसले द्वन्द्व समाधानमा सफल नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए। अफ्रिकामा टुटुले खेलेको भूमिका झैं नेपालमा पनि संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन सक्ने व्यक्तिको खोजी भइरहेको छ। १८ वर्षदेखि कचल्टिएको संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउनु छ। त्यसैकारण टुटु जस्तै क्षमतावान व्यक्तिको खोजीमा छ, पूर्वप्रधान न्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समिति। तर, 'नेपाली टुटु' खोज्न समितिलाई हम्मे-हम्मे छ।




**दिनेश गौतम** | *काठमाडौं*

**- को रिपोर्ट**

समाचार पृष्ठ २




# बीआरआई परियोजना ऋणमा होइन : प्रधानमन्त्री



**राधा खनाल** | *काठमाडौं*

नेपाल-चीनबीच बुधबार बीआरआई फ्रेमवर्कमा सम्झौता भयो। सबैको जिज्ञासा थियो- बीआरआई परियोजना ऋणमा कि अनुदानमा ? चार दिने चीन भ्रमण सकेर शुक्रबार स्वदेश फर्केका प्रधानमन्त्री केपी ओलीले चीन सरकारसँग ऋणसम्बन्धी कुनै सम्झौता नगरेको दाबी गरे। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूले सोधेको प्रश्नको जवाफमा ओलीले बीआरआईमा ऋण सम्झौता नभएको दाबी गरे। ओलीले चीन भ्रमणपूर्व नै कुनै पनि ऋण नलिने भनिसकेको र ऋणको बारेमा चीन भ्रमणमा कुनै सम्झौता नभएको बताएका थिए।

'अस्तिदेखि मैले हामी कुनै ऋण लिन जाँदै छैनौं, ऋण लिनेबारे कुनै कुरा पनि चलेन,' प्रधानमन्त्री ओलीले भने, 'मैले यहाँ बोलेकै थिएँ, छलफल पनि भयो। हामीले यसपल्ट बीआरआईअन्तर्गत विभिन्न परियोजनाहरूको कुरा गरेका छौं। हरेक परियोजनाअन्तर्गत हामी छुट्टै छलफल, छुट्टै एग्रिमेन्टहरू गर्छौं र त्यसको कार्यान्वयन कसरी गर्ने भन्ने सन्दर्भमा अहिले हामीले जे प्राप्त गरेका छौं, त्यो ऋण होइन भन्ने कुरा धेरैपल्ट भनिएको छ।'

प्रधानमन्त्री ओलीले अगाडि भने, 'अब धेरै दोहोऱ्याउनु नपरोस् भन्ने मेरो आग्रह छ, ऋण होइन, ऋणसम्बन्धी कुरा पनि चलेको छैन। फेरि ऋणको कुरा कहाँबाट आउँछ यो ? सधैं ऋण, ऋण, ऋण किन सारंगी बजेको छ ऋणको ? होइन भनेर पटक-पटक भनेका छौं। ऋणसँग यो सरोकार राख्दैन।'

चीन भ्रमणमा बीआरआईअन्तर्गत गरिएका सम्झौताअनुसार नेपालले पाउने सबै रकम अनुदान भएको प्रधानमन्त्री ओलीले बताए। प्रधानमन्त्री ओलीले पोखरा विमानस्थल सँग सम्बन्धित विषयमा चीन भ्रमणमा भने कुनै कुरा नउठेको बताए।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग नेपाल-चीन मित्रताको कुरा भएको बताए। उनले अगाडि भने, 'दुवै देशबीच मित्रता प्रगाढ बनाउने कुरा भयो। हाम्रो मित्रता अरू कसैका विरुद्धमा होइन, हाम्रै पक्षमा मात्र हो भन्ने पनि भयो। यस मित्रतालाई अगाडि बढाउने र त्यसले सकेसम्म धेरै लाभ नेपाललाई पुग्नेमा विश्वास छ।'

**'१८ महिनापछि देउवा प्रधानमन्त्री हुनुहुन्छ'**

प्रधानमन्त्री ओलीले ४ दिने चीन भ्रमणबाट फर्किएपछि आफ्नो कार्यकालबारे स्पष्ट गरे। 'अबको १८ महिना म प्रधानमन्त्री पदमा रहन्छु। त्यसपछि गठबन्धनभित्र जस्तो सहमति भएको छ त्यही हुनेछ। सहमतिविपरीत हामी जाँदैनौं।'

१९ महिनापछि कांग्रेस सभापति शेरबहादुर देउवाले संसद्को निर्वाचन गराउने बताउँदै उनले अगाडि भने, 'अहिलेको यो कांग्रेस र एमाले गठबन्धन सरकार आगामी निर्वाचनसम्मै रहन्छ।

> 'मेरो पालो अब १८ महिना जति रहेछ, त्यसपछि शेरबहादुर देउवाजीलाई मैले हस्तान्तरण गर्छु।'
>
> **केपी शर्मा ओली**, प्रधानमन्त्री

मेरो पालो अब १८ महिना जति रहेछ, त्यसपछि शेरबहादुर देउवाजीलाई मैले हस्तान्तरण गर्छु। उहाँले डेढ वर्ष चलाउनु हुन्छ, निर्वाचन गराउनु हुन्छ,' ओलीले भने, हाम्रो चुनावसम्मको सहमति छ।'

निर्वाचनमा सबै राजनीतिक दलले बहुमत ल्याउने कोसिस गर्ने प्रधानमन्त्री ओलीको भनाइ थियो। 'चुनावमा हामी हरेकले बहुमत ल्याउने कोसिस गरौंला, आउँछ भन्ने हामीलाई विश्वास छ। विश्वासअनुसार बहुमत आयो भने बहुमतको सरकार बन्ला, नत्र अरू तरिका होलान्।' प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे कुनै कुरा नउठेको पनि जानकारी दिए।

» बाँकी पृष्ठ ६

